गरुडा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नगर कार्यपालिकाको कार्यालय
गरुडा, कौतहट
मधेश प्रदेश, नेपाल

आ.व.२०८३/०८४ को लागि आन्तरिक आय ठेक्का सम्बन्धि शिलवन्दी दरभाउ पत्र आहवानको सुचना

सुचना प्रकाशित मिति २०८३।०७।२०

यस नगरपालिकाको निर्णय अनुसार यस कार्यालयबाट स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम निम्न अनुसारको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलको दर रेट, शर्तहरुलाई पालना गर्ने गरी इजाजत प्राप्त फर्म, संस्था, व्यक्तीले मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको इजाजत प्रमाण पत्रको नवीकरण गरिएको तथा आ.व.२०८२/०८३ को आयकर चुक्ता गरेको प्रमाणको प्रतिलिपि राखि इच्छुक फर्म वा कम्पनीहरुले दरभाउ खरिद गरी रित पूर्वक भरि शिलवन्दी दरभाउ पत्र १५ दिन भित्र पेश गर्नुहुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

ठेक्का नं.	ठेक्काको किसिम	कर उठाउनु पर्ने क्षेत्र	न्युन्तम वार्षिक कबोल अंक (मु.अ.कर बाहेक)	शिलवन्द दर भाउ पत्र फारम दस्तुर	कैफियत
६/२०८३/०८४	कवाडी कर, जडिबुटी, जिवजन्तु तथा वातावरण संरक्षण कर	तोकिएको	रु. 20,00,000।-	रु. १,000।-	दामो पटक सूचना प्रकाशन
८/२०८३/०८४	गरुडा न.पा.वडा नं.६ पोठियाही अर्न्तगतका माछा पोखरी तथा डवाराहरु लगाएत	तोकिएको	रु. १५,00,000।-	रु. १000।-	

शर्तहरू :

१. कवाडी कर, जडिबुटी, जिवजन्तु तथा वातावरण संरक्षण कर ठेक्काको अवधि सम्झौता भएको मितिले २०८४ साल असाढ मसान्त सम्म र गरुडा न.पा.वडा नं.६ पोठियाही अर्न्तगतका माछा पोखरी तथा डवाराहरु लगाएत कर ठेक्काको अवधि सम्झौता भएको मितिले आ.व.२०८८/०८९ असार मसान्त सम्म हुनेछ।

२. टेन्डर फारम २०८३/०७/२० देखि २०८३/०८/०४ गते ५ बजेसम्म खरिद गर्नुपर्ने छ ।

३. टेन्डर फारम सिलवन्दी गरी मिति २०८३/०८/०७ गते दिनको १२ बजे सम्म यस न.पा कार्यालयमा दर्ता गराइसक्नुपर्ने छ ।

४. रित पूर्वक दर्ता हुन आएको गोप्य शिलवन्दी टेन्डर फारमहरु मिति २०८३/०८/०७ गते दिनको २:०० बजे खोलिने छ ।

५. टेन्डर फारम खरिद गर्ने अन्तिम दिन, टेन्डर फारम दर्ता गराउने र खोल्ने दिन विदा परे सो को भोलि पल्ट गरिनेछ ।

६. धरौटी बापतको रकम स्वदेशी नागरीक भएमा बोल कबोल अंकको ५ प्रतिशत र विदेशी नागरीक भए बोल कबोल अंकको १० प्रतिशत रकम एन आई सि एशिया बैंक लि.गरुडा स्थित यस न.पा को धरौटी खाता नं. 01CA०५२५९१८५२४०३ मा जम्मा गरी सक्कलै भाउचर वा बैंक ग्यारेन्टी वा नगद गौप्य शिलवन्दी फारम संग पेश गर्नुपर्ने छ ।

७. कबोल रकम चौमासिक रुपमा बुझाउने पर्नेछ, सम्झौताको वेला प्रथम चौमासिक बापतको रकम नगरपालिकाको खातामा जम्मा गरि निवेदन दिनु पर्नेछ र बाँकी दुई किस्ता बापत रकमको बैंक जमानत पेश गर्नुपर्नेछ ।

८. ठेक्का कबोल रकम स्वीकृत दरभाउ पत्र दाताले एक वर्षको लागि कबोल रकम एकमुष्ट नगद बुझाएमा सो बापत १० प्रतिशत सहुलियत स्वरुप छुट दिइनेछ ।

९. शिलवन्दी फारममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझने गरी लेख्नुपर्नेछ ।

१०. टेन्डर स्वीकृत भएको १५ दिन भित्र रकम बुझाउन नआएमा धरौटी जफत गरी क्रमश अर्को टेन्डर स्वीकृत गरिनेछ ।

११. प्रचलित कानुन अनुसार ठेक्का बापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वयमले यस कार्यालयमा नगदी दाखिला गर्नुपनेछ ।

१२. बन्द हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षतिपुग्न गएमा ठेकेदार स्वयमले जिम्मेवार हुनुपर्ने र त्यस बापत यस कार्यालयबाट कुनै क्षतिपूर्ती तथा भिनहा दिनेछैन ।

१३. ठेक्का स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस न.पा. लाई रहनेछ ।

१४. शर्तहरु पालना गर्न नसक्ने ठेकेदारको ठेक्का न.पा.ले तोडन सक्नेछ ।

१५. न.पा.ले निर्धारण गरेको दर रेटमा नवढाई शुल्क उठाउनु पर्नेछ ।

१६. यसमा नखुलेका शर्त तथा अन्य कुरा प्रचलित ऐन कानुन र यस न. पा. को निर्णय अनुसार हुनेछ ।

१७. टेन्डर खुलेको भोलिपल्ट देखि अषाढ मसान्तसम्मको जम्मा दिनको हिसाब गरी कबोल अंक कायम गरिनेछ।

धिरेन्द्र प्रसाद यादव
(राजश्व प्रशासन प्रमुख)

Scanned with CamScanner